# पाठ्यक्रम गतिविधि

चौमासिक बुलेटिन

२०७२ चैत-असार, वर्ष १८, अङ्क ३

## सम्पादकीय

पाठ्यक्रम विकास केन्द्रले विगत १८ वर्षदेखि आफ्ना गतिविधिहरूलाई नियमित प्रकाशनमार्फत सरोकारवाला समक्ष प्रस्तुत गर्दै आएको छ । यस कार्यबाट आफ्ना गतिविधिहरू सार्वजनिक गर्नुका साथै सरोकारवालाबाट उचित पृष्ठपोषण प्राप्त हुने अपेक्षा गरिएको छ ।

शिक्षा ऐन, २०२८ को आठौँ संशोधन २०७३ सँगै प्रारम्भिक बाल शिक्षादेखि कक्षा १२ सम्म विद्यालय शिक्षाको पाठ्यक्रम र सम्बद्ध जिम्मेवारी बहन गर्ने सन्दर्भमा यस केन्द्रको भूमिका सुनिश्चित भएको छ । विद्यालय शिक्षा प्राप्त गरिरहेको वर्तमान पुस्ता नै मुलुकको भविष्य हो । अर्को अर्थमा असल संस्कार, उचित ज्ञान, सिप तथा अधिकार र कर्तव्यप्रति सचेत आदर्श नागरिक नै हाम्रो वर्तमान र भविष्य हो। केन्द्रले मूलतः यही आदर्श प्राप्तिका लागि विद्यालय शिक्षामा तहगत, कक्षागत र विषयगत पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक निर्देशिका र स्रोत सामग्रीहरूको विकास, परिमार्जन तथा सुधार र अभिमुखीकरण गर्छ। केन्द्रको भूमिका विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने दिशामा केन्द्रित रहने छ ।

चालु आ. व. २०७२/०७३ मा यस केन्द्रबाट सम्पादित पाठ्यक्रम, पाठ्य पुस्तकलगायत मातृभाषामा विकास गरिएका पाठ्य सामग्रीहरूको सूची, प्रतिभा पहिचान कार्यक्रम, गणतन्त्र दिवस मूल समारोहमा झाँकी प्रस्तुति, एसएलसी परीक्षा र जिल्ला अनुगमन प्रतिवेदनलगायतका जानकारीहरू यस अङ्कमा समावेश गरिएको छ ।

## विषय वस्तु

१. मासिक गतिविधि, २०७३

२. विद्यालय स्तरीय राष्ट्रिय प्रतिभा पहिचान र छनोट कार्यक्रम

३. गणतन्त्र दिवस, २०७३ मा झाँकी प्रदर्शन

४. जिल्ला अनुगमन प्रतिवेदन

५. पत्रकार भेटघाट कार्यक्रम

६. मातृभाषाका पाठ्य पुस्तक तथा बाल सन्दर्भ सामग्रीहरू

७. आ. व. २०७२/०७३ मा विकास गरिएका विविध पाठ्य सामग्रीहरूको सूची

### पाठ्यक्रम विकास केन्द्रका प्रकाशनहरू



**माघ**

१. १०७ जनालाई समकक्षता प्रदान गरिएको

२. कक्षा ९-१० को प्राविधिक धारतर्फको पाठ्यक्रम सक्षमतामा आधारित हुने गरी परिमार्जन गर्ने कार्यअन्तर्गत प्रारम्भिक मस्यौदा तयार गरिएको

३. खालिङ राई र चेपाङ मातृभाषाका कक्षा १ का पाठ्य पुस्तक लेखनका लागि लेखक समूहलाई अभिमुखीकरण सम्पन्न, लेखनको प्रक्रिया अगाडि बढेको

४. कक्षा ८ का आठ ओटा विषय र कक्षा ९ का अनिवार्य छ ओटा विषयका शिक्षक निर्देशिका लेखकहरूलाई अभिमुखीकरण सम्पन्न, लेखनको प्रक्रिया अगाडि बढेको

५. गोन्पा कक्षा १ देखि १० सम्मको पाठ्यक्रमको छपाइका लागि पिआरसी (PRC) तयार गरिएको

६. गुरुकुलतर्फ कक्षा ८ का चार ओटा विषयका पाठ्य पुस्तक मस्यौदा लेखन र प्रारम्भिक मूल्याङ्कन गरी शिक्षक कार्यशाला सञ्चालन भएको

७. बौद्धिक अपाङ्गताका लागि चित्र पुस्तिका निर्माण कार्य प्रारम्भ भएको

**फागुन**

१. १२४ जनालाई समकक्षता प्रदान गरिएको

२. कक्षा ९ को ऐच्छिक विज्ञान विषयको पाठ्य पुस्तक लेखनका लागि अभिमुखीकरण कार्य गरी सम्झौता गरिएको

३. पाठ्यक्रम विकास केन्द्रका कर्मचारीहरूलाई इजिआरपी (EGRP) विषयमा क्षमता विकास कार्य सम्पन्न गरिएको

४. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमअन्तर्गत कक्षा १-३ का लागि कथा र कविता लेखन कार्यमा समूह गठन, सम्झौता र लेखकहरूलाई अभिमुखीकरण गरिएको

५. मातृभाषातर्फ कुलुङ, कक्षा ३ र बज्जिका, कक्षा ४ का पाठ्य पुस्तकका मस्यौदा सम्बन्धमा विषय समितिको बैठक सञ्चालन गरिएको

६. गुरुकुल, कक्षा ८ का चार ओटा विषय (नीतिशास्त्र, नेपाली, सामाजिक अध्ययन र फलित ज्योतिष) का पाठ्य पुस्तक विकासका सम्बन्धमा शिक्षक कार्यशाला सम्पन्न गरिएको

७. कक्षा ९ को अनुदित पाठ्य पुस्तक स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षाको विषय समितिको बैठक सम्पन्न भएको

**चैत**

१. आ. व. ०७३/७४ का लागि कार्यक्रम प्रस्ताव गरिएको

२. राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को बैठक सम्पन्न भएको

३. अक्षराङ्कन पद्धति कार्यान्वयनमा संशोधन र प्राविधिक तथा व्यावसायिक धारतर्फका कक्षा ९ र १० का पाठ्यक्रम संशोधन गरिएको

४. प्राविधिक तथा व्यावसायिक धारतर्फका १० ओटा शिक्षण सहयोगी सामग्री लेखनका लागि अभिमुखीकरण र सम्झौता सम्पन्न गरिएको

५ कक्षा १-३ का बाल बालिकाहरूका लागि इजिआरपी सम्बद्ध बाल कथा र कविता लेखनका लागि लेखक समूह गठन, सम्झौता र लेखक अभिमुखीकरण कार्य सम्पन्न भई सामग्री विकास कार्य भइरहेको

६. ७९ जनालाई समकक्षता प्रदान गरिएको

७. प्रतिभा पहिचान कार्यविधि संशोधन गरिएको

**वैशाख**

१. माध्यमिक तह कक्षा ९ र १० का अनिवार्य विषयको पाठ्यक्रम छपाइका लागि पिआरसी तयार गरिएको

२. अर्ध वार्षिक शिक्षा पत्रिका छपाइका लागि पठाइएको

३. कक्षा ९ का अनिवार्य चार ओटा विषयका अनूदित पाठ्य पुस्तकको पिआरसी तयार गरिएको

४. ३९ जनालाई समकक्षता प्रदान गरिएको

५. अनुसन्धानका लागि छनोट भएका तिन ओटा संस्था र विज्ञ सहित अन्तरक्रिया गरिएको

६. दृष्टि विहीनहरूका लागि माध्यमिक तहको पाठ्यक्रमको श्रव्य सामग्री निर्माण गरिएको

**जेठ**

१. माध्यमिक तह (कक्षा ९ र १०) का अनिवार्य छ विषयका विशिष्टीकरण तालिका तयार गरी स्वीकृतिको चरणमा रहेको

२. कक्षा ८ को कम्प्युटर विषयको शिक्षक निर्देशिका तयार गरिएको

३. ७१ जनाको समकक्षता प्रदान गरिएको र एनआइओएस (NIOS) बाट प्रमाण पत्र प्राप्त गरेका ८३२ जना व्यक्तिको निवेदन दर्ता भएकामा २९ जनालाई समकक्षता प्रदान गरिएको

४. माध्यमिक तहको पाठ्यक्रम र कक्षा ९ का अनिवार्य विषयका पाठ्य पुस्तकहरूको पाँच विकास क्षेत्रमा प्रबोधीकरण प्रशिक्षण कार्य सम्पन्न गरिएको

५. दृष्टि विहीनका लागि माध्यमिक तह (कक्षा ९ र १०) को अडियो सामग्री निर्माण कार्य सम्पन्न गरिएको

६. दृष्टि विहीनका लागि नि.मा.वि तह (कक्षा ६-८) को पाठ्य पुस्तकको अडियो सामग्री निर्माण कार्य सम्पन्न गरिएको

७. मुन्धुम भाषा, कक्षा १-५ को पाठ्यक्रम तयारी अन्तिम चरणमा पुगेको

*बाँकी पृष्ठ ३ मा*

## विद्यालय स्तरीय राष्ट्रिय प्रतिभा पहिचान र छनोट कार्यक्रम

वि. स. २०६७ देखि हरेक वर्ष सञ्चालन गरिँदै आएको 'विद्यालय स्तरीय राष्ट्रिय प्रतिभा पहिचान र छनोट कार्यक्रम'को पछिल्लो शृङ्खला २०७३/२/१८ गते नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रको आयोजनामा रुसी विज्ञान तथा सांस्कृतिक केन्द्र, कमलपोखरी, काठमाडौँमा सम्पन्न भयो। यस कार्यक्रममा मुलुकभरका विद्यालय, स्रोत केन्द्र, जिल्ला र क्षेत्रीय स्तरका प्रतिस्पर्धामा अब्बल रहँदै केन्द्रीय स्तरमा प्रतिस्पर्धात्मक प्रतिभा प्रदर्शन गर्न देशभरबाट २३ जना प्रतिभाहरूको सहभागिता रहको थियो। माननीय शिक्षा मन्त्री गिरिराजमणि पोखरेल प्रमुख अतिथि, पूर्व शिक्षा मन्त्री तथा सांसद माननीय डा. गङ्गालाल तुलाधर, विशिष्ट अतिथि र निमित्त शिक्षा सचिव डा. डिल्लीराम रिमालको अध्यक्षतामा आयोजित यस कार्यक्रममा कार्यकारी निर्देशक बाबुराम पौडेलबाट धन्यवाद व्यक्त गरिएको थियो। उपनिर्देशक चन्द्रकान्त भुसालबाट स्वागत र विषय प्रवेश गरिएको यस कार्यक्रमको सञ्चालन उपनिर्देशक टुकराज अधिकारीबाट भएको थियो। कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का उपाध्यक्ष कुलबहादुर बस्नेत, शिक्षक सेवा आयोगका सदस्यहरू तथा प्रशासकीय प्रमुख, शिक्षा मन्त्रालयका सहसचिव तथा अन्य कर्मचारीहरू, विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरू, पाँचै विकास क्षेत्रका प्रतियोगी तथा अवलोकन कर्ताहरू तथा सञ्चार कर्मीहरूको सहभागिता रहेको थियो।

यस कार्यक्रममा विद्यार्थी प्रतिभा पहिचान र छनोट कार्यक्रम कार्यविधि, २०७२ अनुसार विज्ञान, भाषा साहित्य, विशेष सिर्जनात्मक कला, गणित र विविध गरी पाँच ओटा विधाका विभिन्न २३ प्रतियोगी र अन्य अप्रतियोगी सिर्जनाहरू प्रस्तुत गरिएका थिए। उद्घाटन सत्र र प्रतिभा प्रस्तुतीकरण सत्र गरी दुई चरणमा सञ्चालन गरिएको यस कार्यक्रमा हरेक प्रतियोगीलाई प्रतिभा प्रस्तुतिका लागि बढीमा १५ मिनेट समय निर्धारण गरिएको थियो। भाषा साहित्य विधाअन्तर्गत कविता उपविधाका चार प्रतियोगीका लागि मूल्याङ्कन समूहबाट 'शिक्षा, 'आमा', 'हामी नेपाली' र 'मेरो दायित्व' शीर्षक चयन गरी गोला प्रथाबाट शीर्षक प्रदान गरिएको थियो। रचनाका लागि ४५ मिनेट समय निर्धारण गरिएको थियो। अन्य प्रतियोगीबाट स्वेच्छिक रूपमा तयारी गरेको प्रतिभा/कला प्रस्तुत गरिएको थियो। कार्यक्रमका अतिथि वक्ताहरूले शुभ कामना दिँदै प्रतिभा सहरमा मात्र हैन गाउँ गाउँमा हुन्छ, हामीले पहिचान गर्नुपर्छ, विकासमा सहयोग गर्न सक्नुपर्छ र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका प्रतिभा बन्न सक्ने गरी साझा सम्पत्तिका रूपमा ग्रहण गर्न सक्नुपर्ने तथ्यप्रति ध्यानाकर्षण गरेका थिए। स्वास्थ्य, शारीरिक शिक्षा तथा सह कार्यकलाप शाखाको संयोजनमा आयोजित यस कार्यक्रमले बाल बालिकाको सिर्जनात्मक प्रतिभा छनोट र विकासमा सहयोग पुग्ने भएकाले यसलाई अझ विस्तार गर्न तथा निरन्तरता प्रदान गर्न प्रमुख अतिथिसहित सहभागी सबैबाट सुझाव तथा अपेक्षा व्यक्त भएको छ। प्रतियोगताका विधागत उत्कृष्ट पाँच जनालाई जनही रु. ४०,००० (चालिस हजार) का दरले नगद पुरस्कार र प्रमाण पत्र तथा सहभागी प्रतियोगी प्रत्येकलाई रु. ३,००० (तिन हजार) का दरले सान्त्वना पुरस्कारसहित प्रमाण पत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का उपाध्यक्ष कुलबहादुर बस्नेत र पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक बाबुराम पौडेलबाट प्रदान गरिएको थियो।

### कार्यक्रममा उत्कृष्ट पाँच विधागत प्रतिभाहरू

| क्र. स. | प्रतिभाको नाम | ठेगाना | विधा |
|---|---|---|---|
| १. | अर्जुन देवला | ज्ञानेन्द्र सैनिक आमावि, सुर्खेत | विज्ञान |
| २. | रितु क्षेत्री | जनप्रिय उमावि, बाग्लुङ | भाषा साहित्य (अभिनय) |
| ३. | समृद्धि श्रीवास्तव | जयवागेश्वरी उमावि, नेपालगञ्ज, बाँके | गणित |
| ४. | अस्मिता बुढा | श्री सत्यवादी उमावि, बझाङ | सिर्जनात्मक कला (नृत्य) |
| ५. | आयुषि सिंह | गोरखा युनाइटेड पब्लिक उमावि कोहलपुर, बाँके | विविध (समाचार वाचन) |

*पृष्ठ २ को बाँकी*

**असार**

१. कक्षा ८, ९ र १० का गणित विषयका पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको पिआरसी तयार गरिएको
२. आधारभूत तह (कक्षा ६-८) का लागि गणित विषयको शिक्षण स्रोत सामग्री विकास कार्य सम्पन्न गरिएको
३. कक्षा ८, ९ र १० को विज्ञान विषयको पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको पिआरसी तयार गरिएको
४. १३६ जनालाई समकक्षता प्रदान गरिएको र NIOS बाट ६४६ जनालाई समकक्षता प्रदान गरिएको
५. कक्षा ८ को नैतिक शिक्षा विषयको शिक्षक निर्देशिका र प्रयोगात्मक सामग्री निर्माण कार्य सम्पन्न गरिएको
६. पेसा, व्यवसाय र प्राविधिक शिक्षा कक्षा ८ को शिक्षक निर्देशिकाको कार्य सम्पन्न गरिएको

## कार्यक्रममा सहभागी अन्य प्रतियोगी प्रतिभाहरू

| क्र.स | विद्यार्थीको नाम | ठेगाना | विधा |
|---|---|---|---|
| १. | आयुष पाण्डे | न्यु होराइजन उमावि, रुपन्देही | विज्ञान |
| २. | निमाटासी तामाङ | स्याङफेल उमावि, रसुवा | विज्ञान |
| ३. | मनिष जोशी | एसियन एकेडेमी, दार्चुला | विज्ञान |
| ४. | हिमालकुमार रानामगर | श्री उमावि मुर्कुची, उदयपुर | गणित |
| ५. | ईशा पौडेल | ब्राइट फ्युचर उमावि, काठमाडौं | भाषा साहित्य (कविता) |
| ६. | गीता धामी | श्री बैजनाथ मावि, कञ्चनपुर | भाषा साहित्य (कविता) |
| ७. | चित्रप्रसाद रिजाल | हिमालय उमावि, डाडीमाडी, दैलेख | भाषा साहित्य (कविता) |
| ८. | सविना खड्का | श्रीखण्ड मावि, सुन्दरदुलारी, मोरङ | भाषा साहित्य (कविता) |
| ९. | दर्पण बस्याल | दमकडा उमावि, पाल्पा | |
| १०. | देवेन्द्र भट्टराई | दुर्गालक्ष्मी उमावि, अत्तरिया, कैलाली | सिर्जनात्मक कला (क्यारिकेचर) |
| ११. | चाँदनी कुँवर | श्री छन्नातिङ्करी कन्या मावि दार्चुला | गणित |
| १२. | नेहा जैसवाल | लिटिल एन्जेल्स उमावि, नवलपरासी | गणित |
| १३. | प्रमिला लिम्बु | श्री शारदा बालिका उमावि धरान, सुनसरी | गणित |
| १४. | सुयस बस्नेत | फ्युचर स्टार एकेडेमी, ललितपुर | गणित |
| १५. | प्रेम थापामगर | कृष्ण संस्कृत तथा साधारण उमावि, इत्राम, सुर्खेत | सिर्जनात्मक कला (नृत्य) |
| १६. | विशा राई | श्री मङ्गलादेवी मावि, तिनपोखरी, सङ्खुवासभा | सिर्जनात्मक कला (नृत्य) |
| १७. | स्मृति पौडेल | सैनिक आमावि, पोखरा, कास्की | सिर्जनात्मक कला (नृत्य) |
| १८. | सुम्निमा राई | ब्राइट फ्युचर एकेडेमी काठमाडौं | सिर्जनात्मक कला (नृत्य) |

## पाठ्यक्रम विकास केन्द्रबाट आ. व. २०७२/०७३ मा विकास गरिएका पाठ्यक्रम तथा पाठ्य सामग्रीहरू

१. माध्यमिक तह कक्षा १० का अनिवार्य ६ विषय नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन, स्वास्थ्य जनसङ्ख्या तथा वातावरण शिक्षाका पाठ्य पुस्तक

२. कक्षा ९ का अनिवार्य गणित, विज्ञान, सामाजिक अध्ययन, स्वास्थ्य जनसङ्ख्या तथा वातावरण शिक्षा गरी चार ओटा विषयको पाठ्य पुस्तक अङ्ग्रेजीमा अनुवाद

३. कक्षा ९ को ऐच्छिक विज्ञान विषयको पाठ्य पुस्तक

४. माध्यमिक तहका ऐच्छिक अर्थशास्त्र, ऐच्छिक गणित, ग्रामीण अर्थशास्त्र विषयका पाठ्यक्रम

५. कक्षा ९ का अनिवार्य ६ विषय नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन, स्वास्थ्य जनसङ्ख्या तथा वातावरण शिक्षा विषयका शिक्षक निर्देशिका, कक्षा ८ का १० विषय नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा वातावरण, सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा, पेसा, व्यवसाय र प्रविधि शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, नैतिक शिक्षा, कम्प्युटर शिक्षा र सङ्गीत शिक्षा विषयका शिक्षक निर्देशिका

६. गुरुकुलतर्फका नेपाली, नीति शास्त्र, फलित ज्योतिष, सामाजिक अध्ययन गरी चार विषयका पाठ्य पुस्तक

७ संस्कृत ज्योतिष विषय (पाटी गणित, बीज गणित, फलित खण्ड) का शिक्षण सहयोगी सामग्री

८ बज्जिका कक्षा ४, कुलुङ कक्षा ३, खालिङ राई कक्षा १, चेपाङ कक्षा १ गरी चार विषयका पाठ्य पुस्तक

९. पाठ्यक्रम प्रवोधीकरण दिग्दर्शन

१०. पेसा, व्यावसाय र प्रविधि शब्दावली

११. विद्यालय शिक्षामा TEVT-Soft Skills सम्बन्धी अभिमुखीकरण पुस्तिका

५. पेसा, व्यावसाय र प्रविधि शिक्षा (स्वाध्ययन सामग्री)

६. पेसा, व्यावसाय र प्रविधि शिक्षा (प्रयोगात्मक सामग्री)

७. माध्यमिक तहका ऐच्छिक विषय : होटल व्यवस्थापन, परम्परागत चिकित्सा पद्धति, पुष्प खेती, कार्यालय सञ्चालन र लेखा र उद्घोषण कलाका पाठ्यक्रम

## विद्यालय स्तरीय राष्ट्रिय प्रतिभा पहिचान र छनोट कार्यक्रम, २०७३ का केही झलकहरू



























## गणतन्त्र दिवस, २०७३ मा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रस्तुत झाँकीहरू

गणतन्त्र दिवस, ०७३ मूल समारोह, सैनिक मञ्च, टुँडिखेलमा पाठ्यक्रम विकास केन्द्रबाट आस्था महिला विद्यालय, गठ्ठाघरसँग सहकार्य गरी झाँकी प्रदर्शन गरिएको थियो । शिक्षा र महिला सशक्तीकरण विषयमा केन्द्रित भई प्रस्तुत गरिएको झाँकीमा समेटिएका विषयहरू निम्नानुसार छन् :

- राष्ट्रपति विद्यादेवी भण्डारी, सभामुख ओनसरी घर्ती र का. मु. प्रधान न्यायाधीश सुशिला कार्कीका तस्वीरहरूसहित अध्ययनरत प्रौढ महिलाहरूको शैक्षिक सशक्तीकरण झल्किने दृश्य
- भृकुटी, योगमाया, पासाङ ल्हामु शेर्पा, झमककुमारी घिमिरे, अनुराधा कोइराला, अङ्गुरबाबा जोशी जस्ता आदर्श महिलाहरूको तस्बिर
- पृष्ठभूमिमा सगरमाथा र बिचमा गौतम बुद्धको आकृतिसहित विश्व शान्तिको सन्देशसहितको तस्बिर

### झाँकीका दृश्यहरू

















## शिक्षा मन्त्रालयमा पेश गरिएको जिल्ला अनुगमन प्रतिवेदन

एसएलसी परीक्षा, २०७२ को सञ्चालन, व्यवस्थापन र अन्य समसामयिक सन्दर्भमा सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ जिल्लामा मिति २०७१/१२/१७ देखि २२ गतेसम्म कार्यकारी निर्देशक बाबुराम पौडेल, उपनिर्देशक गेहनाथ गौतम, उपसचिव अर्जुनबहादुर रायमाझी (शिक्षा मन्त्रालय), र पाठ्यक्रम अधिकृत खिलानाथ धमलाबाट गरिएको स्थलगत अनुगमनको प्रतिवेदनको सार :

१. जिल्ला शिक्षा कार्यालय अनुगमन

तिन ओटै जिल्ला शिक्षा कार्यालयहरूको अनुगमन निरीक्षण गरियो। जिल्लामा जिल्ला शिक्षा अधिकारीहरू केशवप्रसाद दाहाल (खोटाङ), वीरबहादुर खड्का (सोलुखुम्बु) र वीरेन्द्रजङ थापा (ओखलढुङ्गा) सहित कार्यालय परिवारसँग शैक्षिक व्यवस्थापन, परीक्षा सञ्चालन र कार्यालय व्यवस्थापनका साथै शैक्षिक नीति तथा कार्यक्रम कार्यान्वयन आदि विषयमा अन्तरक्रिया र छलफल गरियो।

२. एसएलसी परीक्षा अनुगमन

खोटाङ जिल्लाका श्री सरस्वती उमावि, दिक्तेल, श्री पञ्च मावि, दिक्तेल, श्री महेन्दोदय उमावि, हलेसी, श्री दुर्छिम उमावि, दुर्छिम र श्री लक्ष्मी उमावि, बडहरे तथा सोलुखुम्बु जिल्लाका श्री जनजागृति उमावि, दुधकुण्ड नपा ५, सल्लेरी र श्री गार्मा मावि, दुधकुण्ड नगर पालिका, गार्मा एवम् ओखलढुङ्गा जिल्लाका श्री रुम्जाटार उमावि, सिद्धिचरण नगर पालिका, रुम्जाटारका परीक्षा केन्द्रहरूको अनुगमन, निरीक्षण गरियो।

३. अन्य कार्यहरू

- खोटाङ जिल्लामा श्री पञ्च मावि, दिक्तेलमा प्राविधिक तथा व्यावसायिक धारको पठन पाठन, अक्षराङ्कन पद्धति, समसामयिक शैक्षिक विषय वस्तु र पाठ्यक्रम सम्बद्ध विषयमा जिल्ला शिक्षा अधिकारीसहित ८५ जना स्थानीय सरोकारवालासँग अन्तरक्रिया गरियो।
- सोलुखुम्बु जिल्लामा श्री गार्मा मावि, दुधकुण्ड नगर पालिका १, गार्मामा प्राविधिक तथा व्यावसायिक धारको पठन पाठन, अक्षराङ्कन पद्धति, समसामयिक शैक्षिक विषय वस्तु र पाठ्यक्रम सम्बद्ध विषयमा जिल्ला शिक्षा अधिकारीसहित ३५ जना स्थानीय सरोकारवालासँग अन्तरक्रिया गरियो। यस्तै सल्लेरी बजारमा अवस्थित सामुदायिक केन्द्र र श्री गार्मा मावि, सोलुखुम्बुको सुस्त श्रवण विशेष कक्षाको अनुगमन गरियो।
- ओखलढुङ्गाको सदरमुकाममा रहेको महिला फिडर छात्रावासको अनुगमन निरीक्षण गरियो। ओखलढुङ्गा, खोटाङ, सङ्खुवासभा र उदयपुरका लागि सञ्चालित यस्ता छात्रावासहरूमा हाल ओखलढुङ्गा जिल्लाका २० जना विद्यार्थीले मात्र आवासीय सुविधा लिएको पाइयो।

## पत्रकार भेटघाट कार्यक्रम

पाठ्यक्रम विकास केन्द्रले २०७३, बैशाख २० गते राष्ट्रिय सञ्चार गृहका शिक्षा सम्बद्ध सञ्चार कर्मीहरूसहित पत्रकार भेटघाट कार्यक्रम सम्पन्न गरियो। विभिन्न सञ्चार गृहका १६ जना सञ्चार कर्मी र पाठ्यक्रम विकास केन्द्रका सबै शाखाहरूको सहभागितामा रहेको यस कार्यक्रममा पाठ्यक्रम विकास केन्द्रबाट भए गरेका कार्यहरूका बारेमा र आगामी सोच बारे सुसूचित गर्ने, पाठ्यक्रम, पाठ्य पुस्तक र सिकाइ सहजीकरणका सम्बन्धमा पृष्ठ पोषण लिने उद्देश्य रहेको थियो। कार्यकारी निर्देशक बाबुराम पौडेलबाट स्वागत र विषय प्रवेश तथा अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान शाखाका उपनिर्देशक गेहनाथ गौतमबाट केन्द्रको समग्र गतिविधि र अगामी सोच प्रस्तुत गरिएको थियो। सो कार्यक्रममा केन्द्रका शाखागत गतिविधि र दीर्घकालीन सोच बारे छलफल गरिएको थियो। कार्यक्रममा सञ्चार कर्मीहरू प्रकृति अधिकारी, सुदर्शन सिग्देल, मकर श्रेष्ठ, सूर्य पाण्डे, रुवी रौनियार, गणेश राई, ईश्वरराज ढकाल, रोसन गाउँले र सञ्जीवबाट पाठ्य पुस्तकको मूल्य समायोजन, भर्ना अभियानपूर्व गर्नुपर्ने, पाठ्यक्रम र पाठ्य सामग्री रुचिपूर्ण र छपाइ राम्रो बनाउने, पुराना पाठ्यक्रमहरू माइक्रो फिल्म पद्धतिबाट संरक्षण गर्ने, नेपाली भाषाको नयाँ वर्ण विन्यास बारे थप छलफल चलाउने, थप पाठ्य सामग्री पुस महिनाभित्र सूचीकरण गर्ने, पाठ्यक्रम परिमार्जन पाँच पाँच वर्षमा गर्ने, विद्यार्थी मूल्याङ्कनमा प्रयोगात्मक अङ्कको वस्तुनिष्ट र भरपर्दो मापदण्ड बनाउने, समयमा पाठ्य पुस्तक उपलब्ध हुन नसक्नाका कारण खोजी समाधान गर्नुपर्ने, सङ्घीयतमा पाठ्यक्रम व्यवस्थापन बारे तयारी थाल्नुपर्ने, स्थानीय पाठ्यक्रमको अभ्यास बढाउने, पाठ्यक्रम विकास केन्द्र सदैव प्राज्ञिक थलोका रूपमा रहनुपर्ने जस्ता विषयमा राखिएका जिज्ञासा बारे कार्यकारी निर्देशकबाट वस्तु स्थितिको थप जानकारी र प्रतिवद्धता व्यक्त गरिएको थियो।

## पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका विविध पाठ्य सामग्रीहरूको विवरण

### मातृभाषाका पाठ्य पुस्तकहरु

| क्र. स. | मातृभाषाको नाम | कक्षा |
|---|---|---|
| १. | मैथिली | १-५ |
| २. | भोजपुरी | १-५ |
| ३. | अवधी | १-५ |
| ४. | तामाङ | १-५ |
| ५. | लिम्बु | १-५ |
| ६. | बान्तवा राई | १-५ |
| ७. | चाम्लिङ राई | १-५ |
| ८. | शेर्पा | १-५ |
| ९. | गुरुङ | १-५ |
| १०. | मगर | १-५ |
| ११. | नेवार (नेपाल भाषा) | १-५ |
| १२. | थारु | १-५ |
| १३. | सुनुवार | १-५ |
| १४. | राजवंशी | १-५ |
| १५. | याक्खा | १-५ |
| १६. | मुगाली | १-५ |
| १७. | थारु (मध्य क्षेत्र) | १ |
| १८. | तामाङ (सम्भोटा) | १-५ |
| १९. | धिमाल | १-५ |
| २०. | मगर (अठार मगरात) | १-५ |
| २१. | बज्जिका | ४ |
| २२. | कुलुङ | ३ |
| २३. | चेपाङ | १ |
| २४. | खालिङ राई | १ |

### मातृभाषाका बाल सन्दर्भ सामग्रीहरु

| क्र. स. | मातृभाषा | विधा |
|---|---|---|
| १. | मैथिली | कथा, जीवनी र संस्कृति |
| २. | भोजपुरी | कथा, जीवनी र संस्कृति |
| ३. | लिम्बु | कथा, जीवनी र संस्कृति |
| ४. | थारु | कथा, जीवनी र संस्कृति |
| ५. | अवधी | कथा, जीवनी र संस्कृति |
| ६. | मगर | कथा, जीवनी र संस्कृति |
| ७. | नेवार (नेपाल भाषा) | कथा, जीवनी र संस्कृति |
| ८. | डोटेली | कथा, जीवनी र संस्कृति |
| ९. | थकाली | कथा, जीवनी र संस्कृति |
| १०. | चाम्लिङ | कथा, जीवनी र संस्कृति |
| ११. | गुरुङ | कथा, जीवनी र संस्कृति |
| १२. | शेर्पा | कथा, जीवनी र संस्कृति |
| १३. | बान्तवा राई | कथा, जीवनी र संस्कृति |
| १४. | उर्दू | कथा, जीवनी र संस्कृति |
| १५. | संस्कृत | कथा, जीवनी र संस्कृति |

### प्राविधिक धारतर्फका शिक्षण सहयोगी सामग्रीहरु

1. Civil Engineering : Engineering Drawing (grade 9)
2. Engineering Surveying (grade 10)
3. Electrical Engineering : Electrical Engineering (grade 9)
4. Electrical machine( grade 10)
5. Computer Engineering : Web Page Development (grade 9)
6. Electronic Device and Circuit (grade 10)
7. Plant Science : Aquaculture and Fisheries (grade 9)
8. Plant Protection(grade 10)
9. Animal Science: Animal Nutrition and Fodder Production (grade 9)
10. Farm Management and Marketing (grade 10)

प्रकाशक : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

प्रधान सम्पादक : बाबुराम पौडेल, कार्यकारी निर्देशक

सम्पादन मण्डल : गेहनाथ गौतम, जयाप्रसाद आचार्य, चिनाकुमारी निरौला, रमेशप्रसाद घिमिरे, नवीन्द्रमान राजभण्डारी

फोन : ६६३०५८८, ६६३४९१६

फ्याक्स : ६६३०७९७

अडियो नोटिस बोर्ड : १६१८०१६६३०७९७

Website: www.moecdc.gov.np